# व्यापार विकास र आर्थिक वृद्धिको इञ्जिन हो



डा. रत्नाकर अधिकारी
प्रमुख कार्यकारी निर्देशक
साउथ एशिया वाच अन् ट्रेड,
इकोनोमी एण्ड एन्भायरोन्मेण्ट
(सावती)

व्यापार विकास र आर्थिक वृद्धिको इञ्जिन हो । व्यापार गर्न नसक्ने देशले उच्च आर्थिक वृद्धि हासिल गर्न सक्दैन । नेपालले आयातको तुलनामा निर्यात गर्न नसक्दा व्यापारघाटा चुलिँदै गएको हो । व्यापारले नै देशलाई समृद्ध बनाउँछ । यसले रोजगारी सृजना र आयस्रोत वृद्धि गर्नुका साथै देशको राजस्व सङ्कलनमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । व्यापार बढाउन बैङ्किङ, बीमा, सञ्चारलगायतका क्षेत्रलाई बढावा दिनुपर्छ । यस क्षेत्रको विस्तारले विदेशी लगानी भित्र्याउन मद्दत पुऱ्याउँछ। लगानी वृद्धिबाट बढ्दो उत्पादनले व्यापारलाई प्रतिस्पर्धी बनाउन मद्दत पुग्छ । व्यापारलाई प्रतिस्पर्धी बनाउन सके मात्र यसबाट स्थायित्व प्राप्त गर्न सकिन्छ। साथै, प्रविधिको विकास हुनु पनि त्यतिकै जरुरी छ। नयाँ प्रविधिले धेरै विषयको ज्ञान दिने हुनाले यसबाट धेरै उपलब्धि हासिल गर्न सकिन्छ।

व्यापार वृद्धि गर्न औद्योगिक, ऊर्जा, पूर्वाधार निर्माण, जनशक्ति तथा प्रतिस्पर्धी नीति हुनुपर्छ । नीतिमात्र भएर पुग्दैन, यसलाई प्रभावकारी रूपमा लागू पनि गर्न सक्नुपर्छ । सरकारबाट यसको कार्यान्वयनमा निगरानी तथा अनुगमन गर्नुपर्छ । व्यापारका लागि नीतिहरूमात्र बनेर हुँदैन, सँगसँगै कार्यान्वयन भएमात्र आर्थिक वृद्धि हासिल गर्न सकिन्छ। नेपालमा व्यापारका विभिन्न सम्भावना हुँदाहुँदै पनि यसबाट हालसम्म फाइदा लिन सकिएको छैन । यो कुरालाई आत्मसात् गरेर अगाडि बढ्नुपर्छ। व्यापार बढाउनका लागि सरकारी र निजी दुवै क्षेत्रबाट पहल हुनु जरुरी छ।